आज मिति २०८३ साल जेठ महिनाको २३ गते शनिबारका दिन बिहान ८:०० बजे यस जयपृथ्वी नगरपालिकाका नगर प्रमुख श्री चेतराज बजाल ज्यूको अध्यक्षतामा तपसिलको उपस्थितिमा नगर कार्यपालिकाको बैठक बसी देहाय बमोजिमको निर्णय पारित गरियो ।

### उपस्थिति

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | चेतराज बजाल | नगर प्रमुख | |
| २ | रतन बहादुर सिंह | नगर उप-प्रमुख | |
| ३ | डम्वर बहादुर सिंह | वडा अध्यक्ष वडा नं. १ | |
| ४ | कलक बहादुर खड्का | वडा अध्यक्ष वडा नं. २ | |
| ५ | पूर्ण बहादुर खड्का | का.वा. वडा अध्यक्ष वडा नं. ३ | |
| ६ | ईश्वर बहादुर खाती | वडा अध्यक्ष वडा नं. ४ | |
| ७ | प्रेम बहादुर थापा | वडा अध्यक्ष वडा नं. ५ | |
| ८ | नरेन्द्र बहादुर सिंह | वडा अध्यक्ष वडा नं. ६ | |
| ९ | शिबराज जोशी | वडा अध्यक्ष वडा नं. ७ | |
| १० | लोकेन्द्र बहादुर वोहरा | वडा अध्यक्ष वडा नं. ८ | |
| ११ | गोपाल बहादुर खड्का | वडा अध्यक्ष वडा नं. ९ | |
| १२ | पुष्प बहादुर सिंह | वडा अध्यक्ष वडा नं. १० | |
| १३ | सर्जन बहादुर थापा | वडा अध्यक्ष वडा नं. ११ | |
| १४ | उत्तरा कुइकेल खड्का | महिला सदस्य | |
| १५ | सुर्मा रोकाया धामी | महिला सदस्य | |
| १६ | सरस्वती कुमारी जोशी | महिला सदस्य | |
| १७ | धनलक्ष्मी उपाध्याय | महिला सदस्य | |
| १८ | कमला कुमारी कामी | महिला सदस्य | |
| १९ | धर्मराज रसाईली | कार्यपालिका सदस्य | |
| २० | लाल बहादुर सुनार | कार्यपालिका सदस्य | |
| २१ | लोकेन्द्र वि.क. | कार्यपालिका सदस्य | |
| २२ | सुनिल ठकुल्ला | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| २३ | बिजय कुमार रजक | प्रशासकीय अधिकृत | |
| २४ | गोविन्द ब. बिष्ट | लेखा अधिकृत | |

२५ गिरेन्द्र प्रसाद जोशी - शिक्षा अधिकृत

२६. [illegible] बहादुर जोशी - अधिकृत द्वितीय

२७ प्रकाश चन्द्र उपाध्याय - प्रशासन सहायक

२८. तेज ब० सिंह - [illegible]

## मिति २०८३।०२।२३ गतेको कार्यपालिकाको बैठकको प्रस्तावहरु

१. दरवन्दी मिलान तथा विद्यालय समायोजन सम्बन्धमा ।

२. विद्यालय स्थानान्तरण सम्बन्धमा।

३. नगरपालिका भवनको जग्गा प्राप्ति प्रक्रिया अगाडी वढाउने सम्वन्धमा ।

४. जग्गाको न्यूनतम मूल्यांकन सम्वन्धमा ।

५. तह मिलान संशोधन सम्वन्धमा ।

६. बजेट सम्बन्धमा (आ. को बजेट सिलिङ्ग व.२०८३।०८४ सम्वन्धमा) ।

७. विविध सम्बन्धमा।

## मिति २०८३।०२।२३ गतेको कार्यपालिकाको बैठकको निर्णयहरु

निर्णय नं. १

यस जयपृथ्वी नगरपालिका अन्तर्गतका भौगोलिक रूपमा नजिकको दुरीमा सञ्चालन भई विद्यार्थी सङख्या ज्यादै न्यून भएका सामुदायिक विद्यालयहरूलाई मिति २०८३ साल जेठ १३ गतेको नगर शिक्षा समिति बैठकवाट शैक्षिक सत्र २०८२ को EMIS को तथ्याङ्को आधारमा विद्यालय समायोजन तथा दरवन्दी मिलान कार्यविधि २०७९ को व्यवस्था बमोजिम निर्णय भई नगर कार्यपालिकामा सिफारिस भएको देहाय बमोजिमको दरवन्दी मिलान तथा विद्यालय समायोजन प्रक्रियालाई केहि सामान्य हेरफेर गरी अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.सं. | साविकको विद्यालयको नाम र ठेगाना | समायोजन गरेको विद्यालयको नाम र ठेगाना | दरबन्दी कायम गरेको विद्यालयको नाम र ठेगाना | कैफियत आधार |
|---|---|---|---|---|
| १ | कैलाशपती आधारभूत विद्यालय जनपा १ | नारायण माध्यमिक विद्यालय जनपा १ | १ राहत अनुदान कोटा, १ बालकक्षा सहजकर्ता र २ जना कार्यालय सहयोगी समेत नारायण माध्यमिक जनपा १ मा साथै विद्यार्थीको घर टाढाँ भइ बालकक्षा सञ्चालन गर्न सहज भए सोहि विद्यालयमा सञ्चालन गर्न सकिने विद्यार्थी कम हुने अवस्था आएमा वडा कार्यालय मार्फत चल अचल सम्पति सबै नारायणको हुने । | IEMIS Report 2083 अनुसार |

CamScanner

| | | | | |
|---|---|---|---|---|
| २ | भवानी आवि विद्यालय जनपा ४ | बालविकास मा वि जनपा ४ | बालकक्षा सहजकर्ता तथा विद्यालय कर्मचारीलाई बालविकास मा वि जनपा ४ साथै सबै चल अचल सम्पति बालविकास मा वि जनपा ४ मा समायोजन गर्ने । | नगरशिक्षा समितिको निर्णयलाई हेरफेर गरी कार्यालय सहयोगीलाई पायक पर्ने गरी जालपा मा वि देवलमा पदस्थापना गर्ने |
| ३ | कालिका आवि बीउराडी | बालविकास मावि गोलाई | बालकक्षा सहजकर्तालाई लुयाँटा आवि डिलबगर र कार्यालय सहयोगीलाई जालपा मा वि देवलमा पदस्थापना गर्ने, चल अचल सम्पति वडा कार्यालय मार्फत बालविकास माविमा समायोजन गर्ने। | नगरशिक्षा समितिको निर्णयलाई हेरफेर गरी कार्यालय सहयोगीलाई पायक पर्ने गरी बालविकास मा वि गोलाईमा पदस्थापना गर्ने । |
| ३ | गन्धर्व आ वि जनपा ७ सुवेडा | सुनिपिपलचौर मा वि जनपा ७ सुवेडा | बालकक्षा सहजकर्ता १ र कार्यालय सहयोगी १ साथै चल अचल सम्पति सुनिपिपलचौर मा वि जनपा ७ को रहने साथै हाललाई साविकै विद्यालयबाट कामकाज गर्ने गरि खटाउने । | बालबालिका भए सुनिपिलचौर माविबाट सहजकर्ता खटनपटन गरेर शिक्षण गर्ने गराउने। |
| ४ | नमादेउ आ वि जनपा ८ ग्वानी | जालपा आ वि जनपा ८ | बालकक्षा १ र चल अचल सम्पती जालपा आ वि जनपा ८ को हुने । कार्यालय सहयोगी शिसु आ वि जनपा ८ मा पदस्थापन गर्ने । | शुन्यमा झार्ने। |
| ५ | भवानी आ वि जनपा १० खेईरा | सुर्मा देवी जनपा १० दम्दुर | बालकक्षा १ सुर्मा देवी दम्दुर र चल अचल सम्पती सुमदिवी आ वि जनपा १० दम्दुरको हुने र कार्यालय सहयोगी १ बालमन्दिर आ वि जनपा १० चैनपुरमा स्थानान्तरण गर्ने । | शुन्यमा झार्ने। |
| ६ | नमादेउ आ वि जनपा ५सुतिया | साविकको कक्षा बालकक्षा -३ | कायम गरिएको कक्षा बालकक्षा -१ | तह घटाउने विद्यार्थी सङख्या बालकक्षामा मात्र हुने गरेका |

| क्रस | शिक्षकको नाम थर | साविकको पदाधिकार रहेको विद्यालय | स्थानान्तरण गरेको विद्यालय | कैफियत |
|---|---|---|---|---|
| १ | रूपविना सिंह<br>राहत अनुदान प्रा वि | कैलाशपति आवि | नारायण मावि पिमि | |
| २ | गोरख पाध्या<br>बालकक्षा सहजकर्ता | कालिका आवि विउराडी | लुयाँटा आवि डिलबगर | |
| ३ | उत्तम बोहरा<br>राहत अनुदान प्रा वि | नमाउदेव आवि ग्वानी | भवानी मावि नौरा | |
| ५ | केशबराज जोशी | भवानी आवि | बालविकास मावि | |
| ६ | प्रेमजला उपाध्याय<br>प्रा वि तृतीय | बालमन्दिर आ वि जनपा १० | शिसु आ वि जनपा ०८ | |
| ७ | कृष्ण बहादुर बम्म<br>प्रा वि प्रथम | जालपा आ वि जनपा ८ | बालमन्दिर आ वि जनपा १० | |
| ८ | चरण कुमारी बम्म<br>प्रा वि द्बितीय | शिसु आ वि जनपा ०८ | जालपा आ वि जनपा ८ | |
| ९ | धर्मशीला उपाध्याय<br>राहत अनुदान प्रावि | नमादेउ आ वि जनपा ५ सुतिया | युवावर्ष आ वि जनपा ८ सेलाखेत | |
| १० | प्रभालक्ष्मी बजाल<br>राहत अनुदान प्रा वि | युवावर्ष आ वि जनपा ८ | नमुना आ वि जनपा १० चैनपुर | |
| ११ | सरस्वती खड्का<br>राहत अनुदान प्रा वि | नारायण मा वि कैलाश | पाण्डु मा वि पडेश | स्वास्थ्य अवस्थाका कारण कामकाजमा |

<u>निर्णय नं. २</u>

यस जयपृथ्वी नगरपालिका वडा नं २ मा सञ्चालित श्री स्टार टुईक्लिङ्ग भोकेसनल ईङ्गलिस बोर्डिङ स्कुललाई प्रचलित कानून बमोजिम आगामी शैक्षिक सत्र २०८४ बाट स्थानान्तरण गर्न अध्ययन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं. ३</u>

जयपृथ्वी नगरपालिका कार्यालयको नाममा रहेको भवन परिसर अन्तर्गत केही कित्ता जग्गाहरु व्यक्तिगत जग्गा धनीको नामको रहेको हुँदा सो जग्गा नगरपालिकाको नाममा प्राप्तिको लागि जग्गा प्राप्ति ऐन, २०३४ बमोजिमको आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ४

यस जयपृथ्वी नगरपालिका क्षेत्र भित्रको सडक, यातायात, विजुलीबत्ती, बजार व्यवस्थापन र अन्य विकासका पूर्वाधारहरु भएको खेतपाखो जग्गा तर्फ अवल, दोयम, सिम, चाहार र पाँचौ तहको जग्गाको न्यूनतम मूल्याङ्कन आ.व. २०८२/०८३ को मूल्याङ्कनमा ५ प्रतिशतले बढाउने गरि आ.व.२०८३/०८४ को लागि देहाय बमोजिम मूल्याङ्कन गरी रजिष्ट्रेशन हुने लिखतमा थैली अंक कायम गर्ने प्रयोजनको लागी मालपोत कार्यालय बझाङ्गमा पठाउने निर्णय गरियो ।

(क) साविक चैनपूर गा.वि.स. वडा नं. १ हाल जयपृथ्वी नगरपालिका वडा नं. १० सदरमुकाम स्थित रेडक्रस भवन देखि पश्चिम चौराहा हुदै खुल्लामञ्च र चौराहा हुदै पानकोट पुल सम्म, जिल्ला प्रशासन कार्यालय र जिल्ला समन्वय समितिको कार्यालय हुदै मुल सडकसँग जोडिने घडेरीयोग्य जग्गाको न्यूनतम मूल्याङ्कन आ.व. २०८३/०८४ को लागी प्रति रोपनी रु. ७१,४७,१७७। (एकहत्तर लाख सतचालिस हजार एक सय सतहत्तर रुपैयाँ ) कायम गर्ने र सो सडकसँग नजोडिएका जिल्ला प्रशासन कार्यालय दक्षिण देविस्थान मन्दिरको नजिक मुल सडकसँग जोडिएको घडेरी योग्य जग्गा, जिल्ला हुलाक कार्यालय र जिल्ला समन्वय समितिको कार्यालय पछाडी पट्टी र जयपृथ्वी राजमार्ग दक्षिणपट्टी रहेको जग्गा, चौराहा देखि पानकोट र चौराहा देखि खुल्लामञ्च यी दुई सडकको बीचमा मुल सडकसँग नजोडिएको जग्गा, सूर्मा टोलको दक्षिण मुल सडकसँग नजोडिएको खुल्लामञ्चको उत्तर र वाहुलीगाड किनारासँग नजोडिएको जग्गाको न्यूनतम् मूल्याङ्कन आ.व. २०८३/०८४ को लागि प्रति रोपनी रु.६५,०९,०३६। ( पैंसठ्ठी लाख नौ हजार छत्तिस रुपैयाँ) कायम गर्ने निर्णय गरियो ।

(ख) साविक चैनपूर गा.वि.स. वडा नं. १ हाल जयपृथ्वी नगरपालिका वडा नं. १० को पानकोट पुलबाट रिङ्गरोड हुँदै डुग्री बजार जाने झोलुङ्गे पुलसम्म रिङ्गरोडसँग जोडिएका घडेरी योग्य जग्गा र चौराहा हुँदै पानकोट र पानकोट देखी डुग्री जाने रिङ्गरोडको विचमा रहेको जग्गाको न्यूनतम् मूल्य आ.व. २०८३/०८४ को लागि प्रति रोपनी रु.५२,३२,७५६ (बाउन्न लाख वत्तीस हजार सात सय छपन्न रुपैयाँ) कायम गर्ने र रिङ्गरोडसँग नजोडिएर सो रोडको दक्षिणपट्टी रहेको घडेरीयोग्य जग्गा र वाहुलीगाडको किनारासँग जोडिएका घडेरीयोग्य जग्गाको न्यूनतम् मूल्याङ्कन आ.व. २०८३/०८४ को लागि प्रति रोपनी रु.४५,९४,६१३।(पैतालिस लाख चौरानब्बे हजार छ सय तेह रुपैयाँ) कायम गर्ने निर्णय गरियो ।

(ग) कालागाँर्जा जयपृथ्वीनगर जाने सडकबाट शुरु भई वाहुलीगाडको पक्की पुलहुँदै साविक चैनपुर गा वि स को लालटिन बजारसम्म सडकसँग जोडिएको घडेरीयोग्य जग्गाको न्यूनतम् मूल्याङ्कन आ.व. २०८३/०८४ को लागी प्रति रोपनी रु. रु.४५,९४,६१३।(पैतालिस लाख चौरानब्बे हजार छ सय तेह रुपैयाँ) कायम गर्ने निर्णय गरियो ।

CamScanner

(घ) साविक हेमन्तवाडा गा.वि.स. वडा नं. ९ हाल जयपृथ्वी नगरपालिका वडा नं. ३ डुग्री बजारमा रहेको घडेरीयोग्य जग्गाको न्यूनतम् मूल्याङ्कन आ.व. २०८३/०८४ को लागि प्रति रोपनी रु. २०,४२,०५०।(बीस लाख बयालिस हजार पचास रुपैयाँ ) कायम गर्ने निर्णय गरियो ।

(ङ) साविक रिठापाटा गाँ वि स भवन देखि खाद्य संस्थानसम्मका सडकसँग जोडिएको घडेरीयोग्य जग्गाको न्यूनतम् मूल्याङ्कन आ.व. २०८३/०८४ को लागि प्रति रोपनी रु. २०,४२,०५०।(बीस लाख बयालिस हजार पचास रुपैयाँ ) कायम गर्ने निर्णय गरियो ।

(च) जयपृथ्वी राजमार्ग बजार व्यवस्थापन भएका तमैल बजार किमतोला बजार र खड्केतोला बजारमा रहेको घडेरीयोग्य जग्गाको न्यूनतम् मूल्याङ्कन आ.व. २०८३/०८४ को लागि प्रति रोपनी रु. २०,४२,०५०।(बीस लाख बयालिस हजार पचास रुपैयाँ ) कायम गर्ने निर्णय गरियो ।

(छ) यस जयपृथ्वी नगरपालिका रहेको पर्ती र पाँचौ तहको जग्गाको न्यूनतम् मूल्याङ्कन प्रति रोपनी पाखो चाहार जग्गामा हुने मूल्याङ्कनको ५०% कम हुन आउने मूल्य निर्धारण गरि आ.व. २०८३/०८४ को न्यूनतम् मूल्याङ्कन कायम गर्ने निर्णय गरियो ।

(ज) चौडबजार लगतकट्टा भएको जिउला शाखा सडकको दाँयाबाँया जोडिएका घडेरीयोग्य जग्गाको आ व २०८३/०८४ को लागि प्रति रोपनी रु २०,४२,०५०।(बीस लाख बयालिस हजार पचास रुपैयाँ ) कायम गर्ने निर्णय गरियो ।

(झ) निर्णय नं. (क) देखि (ज) सम्मको जग्गा वाहेक यस जयपृथ्वी नगरपालिकामा रहेको खेत तथा पाखो जग्गाको आ.व. २०८३/०८४ का लागि प्रति रोपनी देहाय वमोजिम न्यूनतम् मूल्याङ्कन कायम गर्ने निर्णय गरियो ।

CS CamScanner

निर्णय नं. ५

सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ९ को उपदफा १, २ र ३ बमोजिम मिति २०८२।०३।२६ गतेको नगर कार्यपालिकाको बैठकको निर्णयानुसार तह मिलान भएका कर्मचारीहरुको सुदूरपश्चिम प्रदेश स्थानीय सेवा (गठन तथा सञ्चालन) (पहिलो संशोधन) ऐन, २०८२ को दफा ३ को उपदफा १० र ११ बमोजिम तह मिलान संशोधन गर्ने निर्णय गरियो ।

निर्णय नं. ६

आर्थिक वर्ष २०८३।०८४ को लागि संघ र प्रदेश सरकारबाट प्राप्त भएको अनुदान रकम र यस नगरपालिकाको अनुमानित वार्षिक आन्तरिक आय, आर्थिक वर्ष २०८२।०८३ मा सिर्जना भइसकेको दायित्व रकम, आगामी आ.व.को अनुमानित व्यय रकमबारे विस्तृत रुपमा छलफल तथा अध्ययन गरी आर्थिक वर्ष २०८३।०८४ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

यस जयपृथ्वी नगरपालिका वडा नं ३ भिडमूनीमा रहेको विष्णु खड्काको घर र पसलमा मिति २०८३।०२।२१ गते आगलागी भई पूर्णरुपमा जलेर नष्ट हुँदा बसोवासमा समेत समस्या रहेकोले यस नगरपालिकामा विपद् व्यवस्थापन लागि रहेका सामाग्रीहरु तत्कालका लागि आवश्यकता बमोजिम वितरण गर्ने र निजलाई राहत स्वरुप आगामी आर्थिक वर्ष रु १ लाख ५० हजार रकम आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।